# Asian Organization of Supreme Audit Institutions (ASOSAI) को गभर्निङ्ग बोर्डमा नेपाल निर्वाचित

संयुक्त राष्ट्रसंघको विशेषिकृत निकायका रूपमा १९५३ मा स्थापित सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन (International Organization of Supreme Audit Institutions - INTOSAI) ले विश्वभरिका महालेखापरीक्षकहरुबीच आपसी सहयोग र सम्बन्ध विस्तारको कार्य गरिरहेको छ । यो संस्थाको क्षेत्रीय सञ्जालको आवश्यकता महसुस गरी सन् १९७७ अक्टोबरमा पेरुमा भएको INTOSAI को नवौं महासभामा ASOSAI स्थापनाको लागि प्रस्ताव भई नेपाललगायत ११ राष्ट्रका प्रयासबाट एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरूको संगठन (Asian Organization of Supreme Audit Institutions - ASOSAI) १९७९ मा स्थापना भएको थियो । नेपाललगायत ११ मुलुकले ASOSAI को विधान अनुमोदन भए पश्चात् सो संगठनको संस्थापक सदस्य (Chartered Member) बनेको हो । ASOSAI मा हाल एसिया अष्ट्रेलिया र प्रशान्त क्षेत्रका ४६ मुलुकका महालेखापरीक्षक/ सरकारी लेखापरीक्षण निकायहरू यसका सदस्य रहेका छन् ।

ASOSAI को विभिन्न अङ्गहरूमध्ये गभर्निङ्ग बोर्ड कार्यकारी अङ्गको रूपमा रहेको छ । यसमा ११ राष्ट्रहरू सदस्य रहने व्यवस्था छ । जसमध्ये ६ सदस्यहरू महासभाबाट निर्वाचित हुने बाँकी सदस्यहरू पदेन सदस्यको रूपमा रहने व्यवस्था छ । नेपाल हालै मलेसियाको क्वालालम्पुरमा सम्पन्न भएको ASOSAI को तेह्रौं महासभामा उम्मेदवारी दिई निर्वाचित भएको हो ।

ASOSAI को महासभा (Assembly) प्रत्येक ३ वर्षमा हुने गर्दछ । महासभामा आगामी वर्षको कार्यक्रमको स्वीकृति, निर्देशक समिति (Governing Board) र लेखापरीक्षण समितिको निर्वाचन तथा वित्तीय कारोबारको आर्थिक प्रतिवेदनउपर छलफल हुने गर्दछ । महासभाले सार्वजनिक लेखापरीक्षणका क्षेत्रमा एसिया महादेशमा गर्न सकिने नयाँ प्रविधिको शुरुवात गर्ने आधारशिला पनि निर्धारण गर्दछ । यस संगठनको तेह्रौ" महासभा यही २०७१ माघ २७ देखि फागुन १ सम्म मलेसियाको राजधानी क्वालालम्पुरमा सम्पन्न भएको थियो । उक्त महासभामा नेपालले निर्देशक समिति (Governing Board) मा उम्मेदवारी दिई सदस्य राष्ट्रहरूको सहयोगमा चुनावबाट प्रथम चरणमै छनौट हुन सफल भएको छ । नेपालले सो संगठनको सदस्यमा प्राप्त गरेको ३६ औं वर्षपछि गभर्निङ्ग बोर्डमा निर्वाचिन हुन सफल भएको हो । नेपाल यस अघि सन् २००० देखि २००२ सम्म सो संगठनको लेखापरीक्षण समितिको सदस्यको रूपमा निर्वाचित भई काम गरेको थियो । हाल नेपाल सो संगठनको गभर्निङ्ग बोर्डको सदस्यको रूपमा निर्वाचित भएपछि २०१५ देखि २०१८ सम्म संगठनको कार्यकारी अङ्गमा रहने छ । सदस्यता प्राप्त गरेपछि नेपालले सार्वजनिक जवाफदेही, प्रबर्द्धन र शासकीय प्रणाली सुधार एवं संगठनको नीति तथा कार्यक्रमको कार्यान्वयनमा सहभागी हुन अवसर मिल्नेछ ।

महालेखापरीक्षकको कार्यालयले अन्तर्राष्ट्रियस्तरका सम्बन्धमा विस्तार र सहभागिता अभिवृद्धिको लागि कार्यालयको सक्रियता शुरु भएको छ । यसै क्रममा गत २०१४ मार्च ३ देखि ७ सम्म दातृ निकायको आयोजना लखोपरीक्षीण सम्बन्धी सार्कस्तरीय सेमिनारको आयोजना गरेको थियो । यो वर्षको २०१५ मार्च २ देखि ६ सम्म INTOSAI को क्षमता विकास कार्यक्रम IDI को सहयोगमा SAI-PMF Knowledge Sharing & Qauality Assurance सेमिनार कार्यक्रम काठमाडौंमा आयोजना हुँदैछ । त्यसैगरी २०१५ मार्च ३० र ३१ मा संयुक्त राष्ट्रसघीय व्यापार विकाससम्बन्धी सम्मेलन UNCTAD को अन्तर्राष्ट्रिय सेमिनारको आयोजक नेपाल हुने भएको छ । २०१५ सेप्टेम्बरमा ४६ मुलुकबाट प्रतिनिधित्व हुने गरी २ हप्ते कार्यशाला गोष्ठी आयोजना हुँदैछ । ASOSAI को गभर्निङ्ग बोर्डको सदस्यमा निर्वाचित भएपछि अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको सहभागिता तथा सम्बन्ध विस्तारमा अझै अभिवृद्धि हुने अपेक्षा गर्न सकिन्छ ।